# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, माघ ३ गते, २०८१ साल (संख्या १०

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालयको

## सूचना

<u>सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१</u>



सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० लाई संशोधन गर्न वान्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस मापदण्डको नाम "सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ।

२. <u>**सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ३ मा संशोधनः**</u> सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ३ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "आर्थिक वर्ष २०८०/८१" भन्ने शब्दहरूको सट्टा "आर्थिक वर्ष २०८१/८२" भन्ने शब्दहरू राखिएका छन्।

३. <u>**सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ४ मा संशोधनः**</u> सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ४ को उपदफा (१) मा रहेका "कुल लागत अनुमान दश करोड रूपैयाँभन्दा बढी र अन्यको हकमा कुल लागत अनुमान बिस करोड रूपैयाँभन्दा बढीको" भन्ने शब्दहरूको सट्टा "कुल लागत अनुमान पच्चिस करोड रूपैयाँभन्दा बढी र अन्यको हकमा

कुल लागत अनुमान पचास करोड रूपैयाँभन्दा बढीको" भन्ने शब्दहरू राखिएका छन्।

४. <u>**सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ५ मा संशोधनः**</u> सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ५ को उपदफा (३) झिकिएको छ।

५. <u>**सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ६ मा संशोधनः**</u> सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ६ को,-

(१) उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) सिंचाइको हेडबक्स, ब्यारेज संरचना निर्माण"

(२) उपदफा (१) को खण्ड (छ) झिकिएको छ।

(३) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "आर्थिक वर्ष २०८०/८१" भन्ने शब्दहरूको सट्टा "आर्थिक वर्ष २०८१/८२" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "आर्थिक वर्ष २०८०/८१" भन्ने शब्दहरूको सट्टा "आर्थिक वर्ष





२०८१/८२" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (७) मा रहेका "आर्थिक वर्षको नौ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "हकमा त्यस्तो स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षको जेठ महिनाभित्र" भन्ने शब्दहरू राखिएका छन् र सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "आर्थिक वर्ष २०८०/८१" भन्ने शब्दहरूको सट्टा "आर्थिक वर्ष २०८१/८२" भन्ने शब्दहरू राखिएका छन्।

**मन्त्रिपरिषद्‌बाट स्वीकृत मितिः-२०८१।०९।१८**

**आज्ञाले,**
**झलकराम अधिकारी**
**प्रदेश सरकारको सचिव**



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-